# अर्थ बुलेटिन

वर्ष २ अंक १०

२०७८ बैशाख

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## आर्थिक वर्ष २०७७/७८ को बैशाखसम्मको आर्थिक झलक

- संघीय सरकारी खर्च ८.५ प्रतिशत र राजस्व परिचालन २५.४ प्रतिशतले बढेको छ। अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता ३५.३ प्रतिशतले बढेको छ।

- वाह्य क्षेत्रका सूचकहरु समग्रमा सकारात्मक रहेका छन्। वस्तु निकासी ३२.२ प्रतिशत र वस्तु पैठारी २२.३ प्रतिशतले बढेको छ। शोधनान्तर स्थिति बचतमा रहेको छ। विप्रेषण आय नेपाली रुपैयाँमा १९.२ प्रतिशत र अमेरिकी डलरमा १६.१ प्रतिशतले वृद्धि भएको छ। विदेशी विनिमय सञ्चितिमा १२.६ वृद्धि भएको छ।

- निक्षेप तथा कर्जाको भारित औसत ब्याजदर तुलनात्मकरुपमा न्यून रहेको छ। बीमा प्रिमियम सङ्कलन बढेको छ। नेप्से सूचकाङ्क बढ्दै गएको कारण पूँजी बजारतर्फ लगानीकर्ताको आकर्षण बढेको छ। समग्रमा वित्तीय क्षेत्रका सूचकहरु सबल रहेका छन्।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७७/७८ को बैशाखसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.५ प्रतिशतले वृद्धि भई रू.८ खर्ब २४ अर्ब ८१ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ६ खर्ब ३० अर्ब २० करोड, पूँजीगत खर्च रू.१ खर्ब २५ अर्ब ८८ करोड र वित्तीय व्यवस्था तर्फ रू. ६८ अर्ब ७२ करोड रहेको छ। चालु आर्थिक वर्षको बैशाखसम्मको कुल संघीय खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अनुपात क्रमशः ७६.४ प्रतिशत, १५.३ प्रतिशत र ८.३ प्रतिशत रहेको छ।

**तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको बैशाख महिनासम्मको खर्चको स्थिति (रू. करोडमा)**

| खर्ष शीर्षक | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| चालु | ३६९८९.२२ | ५६७८९.१२ | ५३१४२.७२ | ५७२१२.५६ | ६३०२०.४२ |
| पूँजीगत | ९८८८.०२ | १३५२०.३० | १२८८६.४६ | ११४११.८० | १२५८८.३३ |
| वित्तीय व्यवस्था | ४३४०.१२ | ५३६५.२६ | ४७९४.३४ | ७४२३.६५ | ६८७२.१० |
| कुल | ५१२१७.३६ | ७५६७४.६८ | ७०८२३.५२ | ७६०४८.०१ | ८२४८०.८५ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

२. चालु आर्थिक वर्षको बैशाखसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु र पूँजीगत खर्च क्रमशः १०.२ प्रतिशत र १०.३ प्रतिशतले बढेको छ भने वित्तीय व्यवस्था तर्फको खर्च ७.४ प्रतिशतले घटेको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १७२.८३ | १३.३३ | ११.७५ | १९७.९१ | ०.००२ |
| भदौ | ६१५१.५१ | ३६१.९२ | १४५.५३ | ६६५८.९६ | ०.०८१ |
| असोज | ११९३७.५५ | ११२९.३३ | १८४.११ | १३२५०.९९ | ०.१६१ |
| कात्तिक | ४७५०.३१ | १४३९.९४ | ६०८.९२ | ६७९९.१७ | ०.०८२ |
| मङ्सिर | ५०६२.०८ | ६४९.६५ | २२७.०५ | ५९३८.७८ | ०.०७२ |
| पुष | ६१६१.३५ | १४८७.५२ | १०७९.८६ | ८७२८.७३ | ०.१०६ |
| माघ | ६४४५.१९ | १२२०.११ | ७५४.१० | ८४१९.४० | ०.१०२ |
| फागुन | ४९११.०८ | १६८६.५२ | ५३९.५१ | ७१३७.११ | ०.०८७ |
| चैत | ७११२.७३ | २५९५.६३ | २२०८.०२ | ११९१६.३८ | ०.१४४ |
| बैशाख | १०३१५.७९ | २००४.३८ | १११३.२५ | १३४३३.४२ | ०.१६३ |
| **जम्मा** | **६३०२०.४२** | **१२५८८.३३** | **६८७२.१०** | **८२४८०.८५** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

३. चालु आर्थिक वर्षको बैशाखसम्मको कुल संघीय सरकारी खर्चमा बैशाख असोज, र चैत महिनामा खर्च भार उच्च रहेको छ भने श्रावण महिनामा खर्च भार सबैभन्दा न्यून रहेको छ। त्यसैगरी, असोज र बैशाख महिनामा चालु खर्च उच्च रहेको छ भने पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्च चैत महिनामा उच्च रहेको छ। चालु आर्थिक वर्षको बैशाख महिनासम्म चालु खर्च ६६.४ प्रतिशत, पूँजीगत खर्च ३५.७ प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च ३९.८ प्रतिशत रही समग्रमा ५५.९ प्रतिशत उपलब्धि हासिल भएको छ।

इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं.: ०१-४२११३२५

## राजस्व परिचालन

४. आर्थिक वर्ष २०७७/७८ को बैशाखसम्म कुल राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २५.४ प्रतिशतले वृद्धि भई रू. ७ खर्ब ६१ अर्ब पुगेको छ। कुल राजस्वमा कर राजस्व रू. ७ खर्ब ९ अर्ब ६२ करोड र गैरकर राजस्व रू. ५१ अर्ब ३८ करोड रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल राजस्व र प्राप्ति रू. ७ खर्ब ९७ अर्ब ३३ करोड रहेको छ।

५. गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कर राजस्वमा २८.६ प्रतिशतले वृद्धि भएको छ भने गैरकर राजस्वमा ६.५ प्रतिशतले संकुचन आएको छ।

**तालिका (ग): राजस्व लक्ष्य र असुलीको विवरण** (रू. करोडमा)

| कर शीर्षक | आ.व.२०७७/७८ वार्षिक लक्ष्य | २०७६/७७ बैशाखसम्मको सङ्कलन | २०७७/७८ बैशाखसम्मको सङ्कलन | बैशाखसम्मको लक्ष्य | असूली (प्रतिशतमा) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महसुल** | **१९,३५५.४७** | **११,३१५.२२** | **१६,८१७.८१** | **१६,०४८.४६** | **१०४.८** | **४८.६३** |
| **मूल्य अभिवृद्धि कर** | **३०,२१६.८७** | **१७,९९६.९७** | **२३,०९४.४९** | **२४,२७५.४५** | **९५.१** | **२८.३२** |
| उत्पादन, बिक्री, सेवा | ११,२०३.६२ | ७,३५१.९४ | ९,५३६.१४ | ८,४९४.४६ | ११२.३ | २९.७१ |
| पैठारी | १९,०१३.२५ | १०,६४५.०३ | १३,५५८.३५ | १५,७८१.०० | ८५.९ | २७.३७ |
| **अन्तःशुल्क** | **१५,५५०.४१** | **८,४२५.६२** | **११,४१८.८५** | **१२,७१६.५७** | **८९.८** | **३५.५३** |
| आन्तरिक उत्पादन | ९,८९२.२९ | ५,१९२.७८ | ६,९६५.४३ | ८,०२०.३३ | ८६.८ | ३४.१४ |
| पैठारी | ५,६५८.१२ | ३,२३२.८४ | ४,४५३.४२ | ४,६९६.२४ | ९४.८ | ३७.७६ |
| **आयकर** | **२३,८०३.८७** | **१५,९७२.०६** | **१७,७५६.९९** | **१७,९०७.१७** | **९९.२** | **११.१८** |
| आयकर | २१,५०३.१३ | १४,३१६.५७ | १५,६८७.६६ | १५,७६८.३४ | ९९.५ | ९.५८ |
| ब्याज कर | २,३००.६२ | १,६५५.४९ | २,०६९.३४ | २,१३८.८३ | ९६.८ | २५.०० |
| **अन्य कर** | **२,३६८.४०** | **१,४७७.५८** | **१,८७३.७७** | **१,८६८.२१** | **१००.३** | **२६.८१** |
| **कर राजस्व जम्मा** | **९१,२९४.९०** | **५५,१८७.४५** | **७०,९६१.९१** | **७२,८१५.८७** | **९७.५** | **२८.५८** |
| **गैर कर जम्मा** | **९,८८०.९४** | **५,४९४.९४** | **५,१३८.४४** | **७,६४५.४९** | **६७.२** | **-६.४९** |
| **कुल राजस्व** | **१०१,१७५.८४** | **६०,६८२.३९** | **७६,१००.३५** | **८०,४६१.३६** | **९४.६** | **२५.४१** |
| **अन्य प्राप्ति** | - | ४,४२५.३९ | ३,६३२.४८ | - | | -१७.९२ |
| **कुल राजस्व/प्राप्ति** | **१०१,१७५.८४** | **६५,१०७.७८** | **७९,७३२.८३** | **८०,४६१.३६** | **९९.१** | **२२.४६** |

स्रोतः अर्थ मन्त्रालय

नोटः अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क संलग्न गरिएको। अन्य प्राप्तिमा गत वर्षको नगद मौज्दात र बेरूजु असुली रकम समावेश गरिएको।

६. चालु आर्थिक वर्षको बैशाखसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ भने गैर कर राजस्व सङ्कलनमा कमी आएको छ। कोभिड-१९ महामारीको समयमा समेत वस्तुको पैठारी निरन्तर भइरहेकाले भन्सार बिन्दुमा संकलन हुने कर राजस्व (भन्सार महशुल र पैठारीमा संकलन हुने मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क कर) मा उल्लेख्य वृद्धि भएको छ।

७. समीक्षा अवधिको शीर्षकगत लक्ष्यमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर, भन्सार महसुल र अन्य कर शीर्षकको राजस्व लक्ष्य भन्दा बढी सङ्कलन भएको छ। समग्रमा राजस्व सङ्कलन लक्ष्यको ९४.६ प्रतिशत रहेको छ। यस अवधिमा भन्सार बिन्दुमा संकलन भएको कर राजस्व ३८.३ प्रतिशतले बढेर रू. ३ खर्ब ४८ अर्ब ३० करोड पुगेको छ भने आन्तरिकतर्फको कर राजस्व (अन्य कर सहित) २०.५ प्रतिशतले बढेर रू. ३ खर्ब ६१ अर्ब ३२ करोड पुगेको छ।


**तालिका (ख): पछिल्लो ५ आर्थिक वर्षको बैशाख महिनासम्मको राजस्व सङ्कलन स्थिति (रू. करोडमा)**

| राजस्व विवरण | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| कर राजस्व | ४२६११.६९ | ५०७७०.४५ | ५८४८९.७५ | ५५१८७.४५ | ७०९६१.९१ |
| गैरकर राजस्व | ३८३०.०० | ५७६२.९९ | ६३७७.०६ | ५४९४.९४ | ५१३८.४४ |
| **कुल राजस्व** | **४६४४१.६९** | **५६५३३.४५** | **६४८६६.८१** | **६०६८२.३९** | **७६१००.३५** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

८. पछिल्लो पाँच आर्थिक वर्षमा राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको छ। चालु आर्थिक वर्षको पहिलो १० महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा राजस्व परिचालन २५.४ प्रतिशतले वृद्धि भएको छ।


**चार्ट (क): पछिल्लो ५ वर्षको बैशाख महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

९. चालु आर्थिक वर्षको बैशाख महिनासम्मको कुल राजस्वमा भन्सार महसुल, अन्तशुल्क र अन्य करको हिस्सा गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ भने आयकर र गैरकरको हिस्सा घटेको छ।

**चार्ट (ख): पछिल्लो २ वर्षको बैशाखसम्मको राजस्व सङ्कलन संरचना**




स्रोतः अर्थ मन्त्रालय

## संघीय राजस्व

१०. चालु आर्थिक वर्षको बैशाखसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ५ खर्ब ३७ अर्ब २५ करोडको तुलनामा २४.९ प्रतिशतले वृद्धि भई रू. ६ खर्ब ७० अर्ब ८२ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २९.६ प्रतिशतले वृद्धि भई रू. ९० अर्ब १८ करोड पुगेको छ।

## करको दायरा विस्तार

११. २०७७ बैशाखसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ४० लाख ४३ हजार ७ सय ९४ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १५ लाख ९३ हजार ७४ (३९.४ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २४ लाख ४१ हजार ५ सय ८६ (६०.४ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ९ हजार १ सय ३४ (०.२ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या २ लाख ८८ हजार ७ सय ८ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख ११ हजार ४ सय ९१ पुगेको छ।

**तालिका (घ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७७ असारसम्म | आ.व. २०७६/०७७ को बैशाखसम्ममा थप | आ.व. २०७७/७८ को बैशाखसम्ममा थप | २०७८ बैशाखसम्म |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १३५८९३४ | १८५०१० | २३४१४० | १५९३०७४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | १९७३४५२ | ९२२८४९ | ४६८१३४ | २४४१५८६ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ५१०६ | ३८४५ | ४०२८ | ९१३४ |
| **जम्मा स्थायी लेखा नम्बर** | **३३३७४९२** | **१११७०४** | **७०६३०२** | **४०४३७९४** |
| **मू.अ.कर** | **२५५९६३** | **४०९८४** | **३२७४५** | **२८८७०८** |
| **अन्तः शुल्क** | **९४२९२** | **१९४७४** | **१७१९९** | **१११४९१** |

स्रोतः आन्तरिक राजस्व विभाग

नोटः दर्ता खारेजीबाट कायम भएको स्थायी लेखा नम्बर मात्र समावेश गरिएको।

## अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता

१२. आर्थिक वर्ष २०७७/७८ को बैशाख महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रू.१ खर्ब ४९ अर्ब ५० करोडको तुलनामा ३५.३ प्रतिशतले वृद्धि भई रू. २ खर्ब २ अर्ब २८ करोड पुगेको छ। उक्त प्रतिवद्धतामध्ये अनुदान सहायता १०.९ प्रतिशत र ऋण सहायता ८९.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः १४.३ प्रतिशत र ८५.७ प्रतिशत रहेको थियो।

१३. चालु आर्थिक वर्षको बैशाख महिनासम्मको वैदेशिक सहायता प्रतिवद्धतामा द्विपक्षीय र बहुपक्षीय सहायताको हिस्सा क्रमशः ४.७ प्रतिशत र ९५.३ प्रतिशत रहेको छ।

१४. कुल वैदेशिक सहायता प्रतिवद्धतामा सडक क्षेत्रमा सबैभन्दा बढी २६.७ प्रतिशत, ऊर्जा क्षेत्रमा २२.९ प्रतिशत र बजेटरी सहायताको रूपमा ११.७ प्रतिशत रहेको छ।

**तालिका (ङ): २०७७ बैशाखमसान्तसम्मको क्षेत्रगत विकास सहायता प्रतिवद्धताको अवस्था** (रू. करोडमा)

| क्षेत्र | प्रतिबद्धता रकम | प्रतिशतमा |
|---|---|---|
| शिक्षा | ४४६.२२ | २.२ |
| ऊर्जा | ४६२६.०९ | २२.९ |
| पुनर्निर्माण | ६०.०० | ०.३ |
| शहरी विकास | १७७६.३० | ८.८ |
| सडक | ५४००.०० | २६.७ |
| खानेपानी तथा सरसफाइ | ७१७.२५ | ३.५ |
| कृषि | १०६५.११ | ५.३ |
| कोभिड | १००७.४६ | ५.० |
| स्वास्थ्य | ४४९.७६ | २.२ |
| वन तथा वातावरण | ४५२.८२ | २.२ |
| क्षमता विकास | १७७६.३० | ८.८ |
| बजेटरी सहायता | २३६८.४० | ११.७ |
| समावेशी विकास | ८२.४९ | ०.४ |
| **कुल** | **२०२२८.२०** | **१००** |

स्रोतः अर्थ मन्त्रालय

१५. चालु आर्थिक वर्षको बैशाखसम्म रू. १४ अर्ब ३३ करोड अनुदान र रू. ६७ अर्ब १० करोड ऋण गरी कुल रू. ८१ अर्ब ४३ करोड वैदेशिक सहायता प्राप्त भएको छ।

### आन्तरिक ऋण परिचालन

१६. चालु आर्थिक वर्षको बैशाखसम्म रू. १ खर्ब १२ अर्ब ५२ करोड बराबरको आन्तरिक ऋण परिचालन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो परिचालन रू. १ खर्ब ३५ अर्ब रहेको थियो।

### वित्तीय क्षेत्र

१७. २०७८ बैशाखसम्म कुल लगानीमा निष्कृय कर्जाको अनुपात १.५० प्रतिशत र विपन्न क्षेत्र तर्फ प्रवाहित कर्जा अनुपात ८.२५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः १.८१ प्रतिशत र ६.८५ प्रतिशत रहेको थियो।

१८. २०७७ बैशाखसम्म ७४६ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेकोमा २०७८ बैशाखसम्म धादिङको रुवीभ्याली, जाजरकोटको जुनिचाँदे र बझाङको साइपाला गाउँपालिका बाहेक ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ।

**तालिका (च): बैशाखसम्मका वित्तीय परिसूचक**

| वित्तीय सूचक | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा** | | | |
| कुल निक्षेप | ९१.९३ | १०६.७३ | ११३.४५ |
| कुल कर्जा | ८२.५३ | ९३.९५ | १०३.१७ |
| **कुल कर्जा लगानीको प्रतिशतमा** | | | |
| निष्कृय कर्जा | १.८३ | १.८१ | १.५० |
| विपन्न क्षेत्र कर्जा | ६.६५ | ६.८५ | ८.२५ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १७६ | १६३ | १३८ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ८३१९ | ९६९५ | १०५९८ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (सङ्ख्यामा) | ७२५ | ७४६ | ७५० |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | २६९.१० | ३१८.८६ | ३६३.६६ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १४.२८ | १५.२५ | १६.८३ |
| एटिएम (सङ्ख्यामा) | ३१८८ | ३,९४५ | ४,३०० |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.६७ | ६.४४ | ४.८१ |
| कर्जा | १२.२२ | १०.९९ | ८.५३ |

स्रोतः नेपाल राष्ट्र बैंक

१९. २०७७ बैशाखसम्ममा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १६३ रहेकोमा गाभिने प्रक्रिया पश्चात् २०७८ बैशाखमसान्तमा यस्तो सङ्ख्या १३८ कायम भएको छ। २०७७ बैशाखमसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९६९५ रहेकोमा २०७८ बैशाखमसान्तमा यस्तो सङ्ख्या १०,५९८ पुगेको छ। यस अवधिमा निक्षेपको भारित औसत ब्याजदर ४.८१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो ब्याजदर ६.४४ प्रतिशत रहेको थियो।

### बीमा क्षेत्र

२०. चालु आर्थिक वर्षको बैशाख महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.८ प्रतिशतले वृद्धि भई १ करोड ७ लाख ७९ हजार १ सय ७२ पुगेको छ। जसमध्ये जीवन बीमालेख र निर्जीवन बीमा लेखको हिस्सा क्रमशः ७७.९ प्रतिशत र २२.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको बैशाख मसान्तमा यस्तो हिस्सा क्रमशः ८२.३ प्रतिशत र १७.७ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा वैदेशिक रोजगार बीमालेख सङ्ख्यामा भने १९.७ प्रतिशतले कमी आएको छ।

२१. चालु आर्थिक वर्षको बैशाखसम्म बीमा प्रिमियम संकलन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४७.७ प्रतिशतले वृद्धि भई रू. १ खर्ब २३ अर्ब ५१ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो संकलन रू. ८३ अर्ब ६२ करोड रहेको थियो।


२२. यस अवधिको बीमा प्रिमियम सङ्कलनमा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८०.१ प्रतिशत र १९.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको बैशाख मसान्तमा यस्तो हिस्सा क्रमशः ७५.४ प्रतिशत र २४.६ प्रतिशत रहेको थियो।

२३. २०७७ फागुनसम्म वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या २६.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २५.८ प्रतिशत रहेको थियो।

### पूँजी बजार

२४. २०७७ बैशाख मसान्तमा १२०१.५८ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७८ बैशाख मसान्तमा २६८४.०९ विन्दु कायम भएको छ।

**चार्ट (ग): पछिल्लो ५ वर्षको बैशाख मसान्तको नेप्से सूचकाङ्क**





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

२५. यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण १४२.४ प्रतिशतले वृद्धि भई रू. ३७ खर्ब २४ अर्ब ५५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू. १५ खर्ब ३६ अर्ब ४२ करोड रहेको थियो।

२६. २०७७ बैशाख २ गते २७३५.४० विन्दुमा रहेको नेप्से सूचकाङ्क बैशाख १३ गते महिनाकै न्यून बिन्दुमा पुगेकोमा बैशाख १४ गतेदेखि पुनः वृद्धि हुँदै कारोबार भएको अन्तिम दिन बैशाख ३० गते २६८४.०९ विन्दु कायम भएको छ।

**चार्ट (घ) २०७७ बैशाख महिनाको नेप्से सूचकाङ्कको प्रवृत्ति**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२७. वार्षिक विन्दुगत आधारमा २०७८ बैशाखमा उपभोक्ता मुद्रास्फीति ३.६५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.८३ प्रतिशत रहेको थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.७२ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति २.८१ प्रतिशत रहेको छ। २०७७ बैशाखको तुलनामा घ्यू तथा तेल उपसमूहको मूल्यवृद्धि २८.२० प्रतिशत, मासु तथा माछा उपसमूहको मूल्यवृद्धि १७.१२ प्रतिशत, गैरमदिराजन्य पेय पदार्थ उपसमूहको मूल्यवृद्धि ९.८५ प्रतिशत र सूर्तीजन्य वस्तुहरूको मूल्य वृद्धि ९.८४ प्रतिशत रहेको छ।

२८. चालु आर्थिक वर्षको पहिलो १० महिनाको अवधिमा उपभोक्ता मुद्रास्फीति बजेटमा तोकिएको सीमा भित्रै रहेको छ। यस अवधिमा औसत उपभोक्ता मुद्रास्फीति ३.४८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.४६ प्रतिशत रहेको थियो।

## वस्तु निकासी

२९. आर्थिक वर्ष २०७७/७८ को बैशाख महिनासम्म कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३२.२ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ८ अर्ब ४८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू. ८२ अर्ब ६ करोड रहेको थियो।

३०. यस अवधिमा भटमासको प्रशोधित तेल, जमोठ कपडा, अलैंची, चिया, जुटका बुनिएका कपडा लगायतका वस्तुको निकासी बढेको छ भने पाम आयल, निर्माण सम्वन्धी यन्त्र लगायतका वस्तुको निकासी घटेको छ।

३१. चालु आर्थिक वर्षको फागुनसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशतर्फ भएको निकासीको अंश क्रमशः ७३.१ प्रतिशत, ०.८ प्रतिशत र २६.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ७१.२ प्रतिशत, १.३ प्रतिशत र २७.५ प्रतिशत रहेको थियो।

३२. यस अवधिमा भारत तर्फको वस्तु निकासी मूल्यगत आधारमा ३५.८ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निकासी १८.४ प्रतिशतले घटेको छ।

**तालिका (छ): बैशाख महिनासम्म निकासी भएका प्रमुख १० वस्तु (रू. करोडमा)**

| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ७८२.१ | २८८१.४ | २६८.४ |
| सिन्थेटिक यार्न | ६१८.४ | ५७४.३ | -७.१ |
| अलैंची | ३३४.३ | ५६८.७ | ७०.१ |
| उनी गलैंचा कार्पेट | ५०१.२ | ५३९.० | ७.५ |
| तयारी कपडा | ३९०.५ | ४०१.४ | २.८ |
| जुटका बुनिएका कपडा | २३६.३ | ३२७.१ | ३८.४ |
| चिया | १८६.६ | ३०६.९ | ६४.५ |
| जमोठ कपडा | १७५.१ | ३०४.४ | ७३.८ |
| फलफुलको जुस | २७१.१ | २८८.० | ६.२ |
| अन्य कपडा (उनी,सुती,टेरीकटन बाहेकका) | २२८.७ | २५०.७ | ९.६ |
| अन्य | ४१५७.६ | ३०३४.८ | -२७.० |
| **जम्मा** | **७८८१.७** | **९४७६.६** | **२०.२** |

स्रोतः भन्सार विभाग

## वस्तु पैठारी

३३. चालु आर्थिक वर्ष २०७७/७८ को बैशाख महिनासम्म कुल वस्तु पैठारीमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २२.३ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा कुल पैठारी रू. १२ खर्ब ५४ अर्ब ११ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु पैठारी रू. १० खर्ब २५ अर्ब १४ करोड रहेको थियो।

३४. यस अवधिमा प्रशोधित भटमासको कच्चा तेल, मोबाइल टेलिफोन, एम. एस. विलेट, अन्य कोइला, पोलिथिन दाना, चामल लगायतका वस्तुको पैठारी बढेको छ भने डिजेल, पामको तेल लगायतका वस्तुको पैठारी घटेको छ।

३५. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६५.० प्रतिशत, १४.६ प्रतिशत र २०.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६१.३ प्रतिशत, १५.२ प्रतिशत र २३.४ प्रतिशत रहेको थियो।

३६. यस अवधिमा भारतबाट हुने वस्तु पैठारी २९.८ प्रतिशतले वृद्धि भएको छ भने चीनबाट हुने पैठारी १७.२ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (ज): बैशाख महिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरू (रू. करोडमा)**


| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ७५७९.९९ | ७०५६.६४ | -६.९ |
| एम.एस.बिलेट | ३५४२.७५ | ५७४८.११ | ६२.२ |
| भटमासको कच्चा तेल | १४०२.४ | ३९४६.७१ | १८१.४ |
| मोवाइल टेलिफोन | १४६८.९ | ३२०९.२९ | ११८.५ |
| एल पि ग्यास | २७०४.०३ | २९५१.७७ | ९.२ |
| तयारी कपडा | २१७१.९५ | २६१२.८ | २०.३ |
| पेट्रोल | २५७९.३८ | २६८८.५१ | ४.२ |
| चामल | १७९५.४५ | २३९१.५८ | ३३.२ |
| अन्य कोइला | १५७१.२२ | २२३९.१ | ४२.५ |
| पोलीथिन दाना | १६००.२९ | २१७६.९७ | ३६.० |
| अन्य | ७६०९७.५ | ९०३८९.५७ | १८.८ |
| **जम्मा** | **१०२५१३.८६** | **१२५४११.०५** | **२२.३** |

स्रोतः भन्सार विभाग

## व्यापार सन्तुलन

३७. आर्थिक वर्ष २०७७/७८ को बैशाख महिनासम्मको कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.५ प्रतिशतले वृद्धि भई रू. ११ खर्ब ४५ अर्ब ६३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा १४.२ प्रतिशतले सुधार भई रू. ९ खर्ब ४३ अर्ब ७ करोड रहेको थियो।


**चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको बैशाख मसान्तसम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)**




स्रोतः भन्सार विभाग

३८. विगत पाँच आर्थिक वर्षको बैशाखसम्मको तथ्याङ्क विश्लेषण गर्दा गत आर्थिक वर्षमा मात्र वस्तु व्यापार घाटा १४.२ प्रतिशतले सुधार भएको देखिन्छ भने अन्य आर्थिक वर्षमा व्यापर घाटा बढेको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको बैशाखसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश** (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

३९. चालु आर्थिक वर्षको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः ८.० प्रतिशत र ९२.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश ७.४ प्रतिशत र ९२.६ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

४०. सेवा व्यापारमा कोभिड-१९ महामारीको उच्च प्रभाव परेको छ। यस अवधिमा सेवा आय र सेवा खर्च दुवैमा संकुचन आएको छ। आर्थिक वर्ष २०७७/७८ को बैशाखसम्म कुल सेवा आय गत आर्थिक वर्षको सेवा आय रू. १ खर्ब ३९ अर्ब ४८ करोडको तुलनामा ४८.७ प्रतिशतले संकुचन भई रू. ७१ अर्ब ५० करोड रहेको छ। साथै, यस अवधिको सेवा खर्च अघिल्लो वर्षको बैशाखसम्मको रू. १ खर्ब ३८ अर्ब ७० करोडको तुलनामा ९.० प्रतिशतले संकुचन भई रू. १ खर्ब २६ अर्ब २० करोड रहेको छ।

४१. चालु आर्थिक वर्षको बैशाखसम्म खुद सेवा आय रू. ५४ अर्ब ७१ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू. ७९ करोडले नाफामा रहेको थियो। कोभिड-१९ महामारीको कारण भ्रमण आयमा ८९.२ प्रतिशतले संकुचन आएको कारण खुद सेवा आय तुलनात्मकरुपमा उच्च घाटामा रहेको छ।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४२. चालु आर्थिक वर्षको बैशाखसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको रू. ६ खर्ब ७९ अर्ब ६८ करोडको तुलनामा १९.२ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब ९ अर्ब ८९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ६.३ प्रतिशतले संकुचन भएको थियो।

४३. कोभिड-१९ महामारीको कारण वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्यामा संकुचन आएको भएता पनि चालु आर्थिक वर्षमा विप्रेषण आयमा बृद्धि भइरहेको छ। यस अवधिमा अमेरिकी

डलरमा विप्रेषण आय १६.१ प्रतिशतले र नेपाली रूपैंयामा १९.२ प्रतिशतले बढेको छ।

४४. चालु आर्थिक वर्षको बैशाखसम्म वैदेशिक रोजगारीको लागि अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६०.३ प्रतिशतले घटेर ७७ हजार १२ रहेको छ। त्यसैगरी यस अवधिमा पुनःश्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा ४९.० प्रतिशतले संकुचन आई ८९ हजार ५ सय ५४ कायम रहेको छ। कोभिड-१९ महामारीको कारण वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति लिनेको सङ्ख्यामा उच्च गिरावट आएको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४५. आर्थिक वर्ष २०७७/७८ को बैशाखसम्म शोधनान्तर स्थिति रू ७ अर्ब ७५ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. १२० अर्ब ९० करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. २ खर्ब ४७ अर्ब ८ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रू. ९६ अर्ब १८ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४६. २०७७ बैशाखसम्म रू. १२ खर्ब ३५ अर्ब २५ करोड रहेको विदेशी विनिमय सञ्चिति २०७८ बैशाखसम्म १२.६ प्रतिशतले बढेर १३ खर्ब ९० अर्ब ८४ करोड पुगेको छ।

४७. आर्थिक वर्ष २०७७/७८ को बैशाखसम्मको पैठारीलाई आधार मान्दा यस अवधिको विदेशी विनिमय सञ्चितिले ११.४ महिनाको वस्तु पैठारी र १०.३ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर

४८. २०७७ असारमसान्तको तुलनामा २०७८ बैशाखमसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ २.७ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.११७।१८ पुगेको छ। २०७७ असार मसान्तमा यस्तो विनिमय दर रू.१२०।३७ रहेको थियो। २०७७ बैशाखमसान्तको तुलनामा २०७८ बैशाखमसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ २.८ प्रतिशतले अधिमूल्यन भएको छ।

## कच्चा पेट्रोलियम पदार्थ एवम् सुनको मूल्य

४९. अन्तर्राष्ट्रिय बजारमा २०७७ बैशाख मसान्तमा कच्चा पेट्रोलियम पदार्थको मूल्य प्रति ब्यारल अमेरिकी डलर २७.८९ रहेकोमा २०७८ बैशाख मसान्तमा १४८.३ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ६९.२४ पुगेको छ। २०७८ बैशाख मसान्तमा प्रति आउन्स सुनको मूल्य गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १८३८.१० पुगेको छ।

## अन्य आर्थिक गतिविधि

### पर्यटक आगमन

५०. सन् २०२१ को मे महिनासम्म (जनवरी देखि मे सम्म ५ महिनाको अवधि) हवाई मार्गबाट नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२० को सोही अवधिको तुलनामा ७४.२ प्रतिशतले न्यून भई ५६ हजार ८ सय ९७ रहेको छ। सन् २०२० को सोही अवधिमा यस्तो सङ्ख्यामा ५५.७ प्रतिशतले संकुचन भई २ लाख २० हजार ७ सय १३ रहेको थियो।

तालिका (झ): ३ वर्षको पहिलो पाँच महिनाको मासिक पर्यटक आगमनको स्थिति (संख्यामा)


| महिना | वर्ष | | |
|---|---|---|---|
| | २०१९ | २०२० | २०२१ |
| जनवरी | ८१२७३ | ७९७०२ | ८८७४ |
| फेब्रुअरी | १०२४२३ | ९८१९० | ९१४६ |
| मार्च | १२७३५१ | ४२७७६ | १४९७७ |
| अप्रिल | १०९३९९ | १४ | २२४५० |
| मे | ७८३२९ | ३१ | १४५० |
| **जम्मा** | **४९८७७५** | **२२०७१३** | **५६८९७** |

स्रोतः नेपाल राष्ट्र बैङ्क

### कम्पनी दर्ता

५१. आर्थिक वर्ष २०७७/७८ को बैशाख महिनासम्म दर्ता भएका कम्पनीको सङ्ख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३६.६ प्रतिशतले वृद्धि भई २५ हजार ३ सय ३१ पुगेको छ। कोभिड-१९ महामारीको बाबजुद आर्थिक क्रियाकलापमा वृद्धि भएको छ।

चार्ट (ज): पछिल्लो ५ आर्थिक वर्षको बैशाखसम्मको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय

## मन्त्रालयका गतिविधि

५२. नेपाल ट्रष्ट ऐन,२०६४ को दफा २५(२) ले दिएको अधिकार प्रयोग गरी तयार पारिएको नेपाल ट्रष्ट कोष लगानी कार्यविधि, २०७७ मा राय सुझाव सहित सहमति प्रदान गरिएको।

५३. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०१/१३ को निर्णयानुसार नागरिक लगानी कोषको चुक्ता पूँजी वृद्धि गरी रु.३ अर्ब २७ करोड कायम गर्न स्वीकृती दिइएको।

५४. विभिन्न प्रकारका राजस्व छुट सम्बन्धी सूचना थान-२ नेपाल राजपत्रमा प्रकाशन गरिएको।

५५. कोभिड-१९ महामारीबाट संक्रमित बिरामीको उपचार र उचित व्यवस्थापनका लागि आवश्यक पर्ने जीवनदायक अक्सिजन सिलिण्डर लगायतका विभिन्न मालवस्तुको पैठारीमा लाग्ने कर, महसुल एवम् शुल्क पूर्ण रुपमा छुट दिने सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको।

५६. नेपाल राष्ट्र बैंकको नाममा रहेको नागरिक लगानी कोषको शेयर नेपाल सरकारको नाममा हस्तान्तरणका लागि मूल्य र हस्तान्तरण प्रक्रिया एकीन गर्न गठित समितिद्वारा प्रतिवेदन तयार गरी पेश भएको।

५७. भन्सार सहजीकरण तथा सीमापार व्यापारका लागि द्विपक्षीय सहयोग सुदृढीकरण गर्न नेपाल र भारतबीच २०औं महानिर्देशकस्तरीय वार्ता २०७७ बैशाख ६ र ७ गते सम्पन्न भएको ।

## अन्य गतिविधि

५८. अन्तर सरकारी वित्त परिषद्को मिति २०७८ बैशाख ९ गतेको बैठकमा अर्थमन्त्री माननीय विष्णुप्रसाद पौडेलले प्रदेश र स्थानीय तहबाट वस्तुगत आवश्यकताका आधारमा आयोजना छनौट गर्नेतर्फ विशेष ध्यान दिन आग्रह गर्नु भयो।

५९. अर्थमन्त्री माननीय विष्णुप्रसाद पौडेलले पूर्व अर्थमन्त्रीहरु, विभिन्न राजनीतिक दलका माननीय सांसदहरु, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, विभिन्न जिल्ला समन्य समिति एवम् स्थानीय तहका जनप्रतिनिधिहरु र युवा व्यवसायीहरुसँग छुट्टाछुट्टै छलफल गरी आगामी आर्थिक वर्षको बजेट तयारीका सम्बन्धमा सुझाव लिनु भएको थियो।

६०. अर्थमन्त्री माननीय विष्णुप्रसाद पौडेलको समुपस्थितिमा २०७८ बैशाख १२ गते सम्पन्न अन्तरकृया कार्यक्रममा आर्थिक वर्ष २०७८/७९ को बजेट एवम् आर्थिक ऐनका सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट सुझाव पेश गरिएको थियो। सो अवसरमा माननीय अर्थमन्त्रीज्यूले निजी क्षेत्रको विकासका लागि आवश्यक सहयोग एवम् प्रोत्साहन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो।

६१. आर्थिक वर्ष २०७८/७९ को बजेट तयारीका सम्बन्धमा २०७८ बैशाख १३ गते नेपाल चेम्बर अफ कमर्सका पदाधिकारीहरुसँग छलफल अन्तरकृया सम्पन्न भयो।

६२. नेपालका लागि संयुक्त अधिराज्यका राजदूत निकोला पोलिटले अर्थमन्त्री माननीय विष्णुप्रसाद पौडेलसँग मिति २०७८ बैशाख १४ गते शिष्टाचार भेट गर्नु भयो। सो अवसरमा नेपाल र संयुक्त अधिराज्यबीच द्विपक्षीय हित र सहयोगको विषयमा छलफल भएको थियो।

६३. दक्षिण एशियाली सहयोग संगठन (सार्क) का अर्थमन्त्रीहरुको अनौपचारिक बैठक मिति २०७८ बैशाख २२ गते सम्पन्न भयो। सो बैठकमा कोभिड-१९ को प्रभाव न्यूनीकरण एवम् आर्थिक-सामाजिक पुनरुत्थानका लागि एकआपसमा समन्वय, सहयोग र सहकार्य हुनुपर्नेमा जोड दिइयो।

६४. नेपालस्थित विकास साझेदारहरुसँग मिति २०७८ बैशाख २३ गते बैठक बसी आर्थिक वर्ष २०७८/७९ को बजेट तयारीका सम्बन्धमा छलफल अन्तरकृया सम्पन्न गरियो।